# परमप्रभुको निम्ति गाओ

## पाष्टरीय तालीम पुस्तिका

## ३१

## तालीम र वृद्धि

T&M ®

भजन १५० पढ्नोस् अनि मनन गर्नोस् ।

☐ जब तपाईले यसो गरिसक्नुहुन्छ छेऊमा बक्स बनाउनोस् ।

आराधना सेवाको निम्ति गायन अति मुख्य भाग हो । गीत र भजनहरुद्वारा हामी हाम्रा परमेश्वर, सृष्टिकर्ता अनि मुक्तिदाता, प्रति प्रेम र आनन्द, अनि उहाँको महानता र कृपा व्यक्त गर्नसक्छौं । ख्रीष्टको विश्वासमा बढ्नको निम्ति हामीले एका अर्कालाई उत्साहित पार्नसक्छौं ।

कसरी प्रशंसाले परमेश्वरलाई खुशी पार्नसक्छ भन्ने कुरा २ इतिहास ५:१२-१४ ले बताउँछ। कृपया गरी यो पद अहिले पढ्नोस् ।

भजनहरु केको निम्ति हो:

- ☐ हामी आफैले आनन्द मनाउन ।
- ☐ परमेश्वरलाई खुशी पार्न ।

सुलेमानले परमप्रभुको करारको सन्दूक नयाँ मन्दिरमा ल्याए । सयौंले परमेश्वरको अघि गाए अनि बाजाहरु बजाए । गायनको निम्ति अगुवाइ गर्नुको उद्देश्य सारा मण्डलीलाई पर मेश्वरको आराधना गर्न लाउनु हो ।

२ इतिहास ५ मा परमेश्वरले उहाँ खुशी हुनुभएको कुरो प्रकट गर्नुभयो ।

उहाँले आफ्नो महिमा केमा देखाउनुभयो:

- ☐ बादलमा ।
- ☐ आवाजमा ।

# विभिन्न प्रकारका गीतहरु

एक घर बनाउनको निम्ति, हामीले विभिन्न प्रकारका भवन सामाग्रीहरु चिन्नुपर्दछ । त्यसै गरी, सार्वजनिक आराधना अगुवाइ गर्न, सेवाको बेला ठीक समयमा ठीक गीत प्रयोग गर्न हामीले विभिन्न प्रकारका गीतहरु जान्नु आवश्यक हुन्छ ।

बाइबलमा भएका भजनहरु विभिन्न विषयहरुमा रचिएका छन् । तिनीहरु आराधना, प्रशंसा, निवेदन, स्वीकार, गवाही, प्रोत्साहन अनि शिक्षाहरुको बारेमा छ । प्रायः जसो गरी, एउटै भजनमा पनि विभिन्न विषयहरु राखिएका हुन्छन् ।

कतिपय भजन पुस्तकहरुमा शुरुमा नै विषय सूची हुन्छ । यसले कुन गीतहरु आराधना, गवाही, निमन्त्रणा, अर्पण, आदिका हुन् भनेर देखाएको हुन्छ । तिनीहरुले भनेका कुर ाबाट कुन प्रकारका गीत अथवा भजनहरु हुन्, हामीलाई थाहा लाग्दछ ।

आराधनाको गीतले परमेश्वरको महिमा, महानता अनि पवित्रताबारे बताउँदछ । आराधनामा हामी परमेश्वरसंग कुराकानी गर्दछौं, अनि आफैलाई बिर्सेका हुन्छौं । यसले हाम्रा हृदयहरुलाई उचाल्दछ । एक आराधना गीत गाउँदा, हामी अरु विश्वासीहरुसंग होइन, तर परमेश्वरसंग बोलिरहेका हुनेछौं ।

आराधनाको गीत निम्न विषयहरुमा केन्द्रित हुन्छः

- ☐ परमेश्वर ।
- ☐ अरुहरु ।

प्रशंसाको भजनले परमेश्वरका महान कामहरुबारे बताउँछ । उदाहरणको लागिः

*"तपाईले सृष्टि गर्नुभएका सबै थोकले, हे परमप्रभु, तपाईको प्रशंसा गर्नेछन्, र तपाईका पवित्र जनहरुले तपाईको स्तुति गर्नेछन् । तिनीहरुले तपाईको राज्यका महिमाको चर्चा गर्नेछन् र तपाईका शक्तिको बखान गर्नेछन्, कि सबै मानिसहरुले तपाईका शक्तिशाली कार्यहरु थाहा पाऊन्, अनि तपाईका राज्यको महिमापूर्ण वैभव देखून् ।"*

(भजन १४५:१०-१२)

आराधना परमेश्वर स्वयं र उहाँको चरित्रमा केन्द्रित हुन्छ, जबकि प्रशंसा चाहिँ उहाँका शक्तिशाली कार्यहरुमा केन्द्रित हुन्छ। तरै पनि, प्रशंसा र आराधना धेरै नजीक हुन्छन्, अनि कहिले-काहीँ ती दुईमा छुट्याउनु पनि गाह्रो हुन्छ।

कुन प्रकारका भजनले परमेश्वरका महान कामहरुको वर्णन गर्दछ ?

प्र_____

साक्षीको भजनले चाहिँ हाम्रै बारेमा बताउँछ (हाम्रो विश्वास, येशू खीष्टलाई पछ्याउनको निम्ति हाम्रो इच्छा, अनि उहाँले हाम्रो निम्ति के गर्नुभयो, इत्यादि)।

कुन भजनले हामी स्वयं र परमेश्वरले हाम्रो निम्ति जे गर्नुभएको छ त्यसबारे हाम्रो अनुभव बताउँछ ?

☐ साक्षीको भजनले।

☐ आराधनाको भजनले।

“अब म येशूको भएँ” जस्ता साक्षीको गीतले हाम्रो अनुभव र आशालाई व्यक्त गर्दछ। यसले कुनै व्यक्तिको बारेमा बताउँछ।

“म येशूको निम्ति जिउनेछु” कस्तो भजन हो:

☐ साक्षीको।

☐ आराधनाको।

निवेदनको भजनले परमेश्वरसंग केही कुरो माग्दछ।

भजन १४०:१ ले भन्छ *“हे परमप्रभु, दुष्ट मानिसबाट मलाई छुटाउनोस्। हिंस्रक मानिसहरुबाट मलाई रक्षा गरिदिनुहोस्।”*

यो भजनले के चाहेको छ ? _____

भजन ५७:१ ले भन्छ: *“ममाथि कृपा गर्नुहोस्, हे परमेश्वर, ममाथि कृपा गर्नुहोस्।”*

यो पद के हो:

☐ निवेदन ।

☐ आराधना ।

कतिपय भजनहरुले शत्रुहरुलाई नष्ट पारिदिनोस् भनी परमेश्वरसंग पुकारा गरेको पाउँछौं । यी पुराना करारका हुन् । नयाँ करारमा प्रभुले हामीलाई हाम्रा शत्रुहरुलाई आशिष दिनु र उनीहरुको निम्ति प्रार्थना गरिदिनु भनी आज्ञा गर्नुभएको छ । (मत्ती ५:४३-४४)

भजन ६८:१ ले भन्दछ: *"परमेश्वर उठून्, उहाँका शत्रुहरु छर पष्ट भइजाऊन् ।"*

यो पद के हो :

☐ शत्रुहरुको विरुद्ध एक प्रार्थना ।

☐ आराधनाको भजन ।

प्रोत्साहनको भजनले चाहिँ हामीलाई परमेश्वरको आज्ञा पालन गर्न उत्साहित गर्दछ ।

“अघि बढ, खीष्टिय सिपाहीँ, युद्धमा झैं अघि बढ,” ले के बुझाउँछः

☐ आराधना ।

☐ प्रोत्साहन ।

यो एक प्रोत्साहन हो किनकि यसले हामीलाई आज्ञाकारी सिपाहीँहरु झैं प्रभुको सेवा गर्न उत्साहित पार्दछ ।

धन्यवादको भजनमा, हामीले पाएका सबै आशिषहरुको निम्ति हामी परमेश्वरलाई धन्यवाद दिँदछौं ।

समर्पणको भजनमा चाहिँ, हामी हाम्रो जीवन प्रभु र उहाँको सेवाको निम्ति अर्पण गर्दछौं ।

“लिनोस् प्रभु मेरो ज्यान, होस् तपाईलाई बलिदान....” ले के अभिव्यक्त गर्दछः

☐ विश्वास ।

☐ समर्पण ।

तलका भजनहरुको छेऊमा तिनीहरु आराधना, गवाही, धन्यवाद अथवा प्रशंसा के कस्ता भजनहरु हुन् लेख्नोस्:

अ) "पवित्र, पवित्र, पवित्र,..." _____

आ) "सब थोक दिन्छु म (येशूलाई)।" _____

इ) "हरेक नवीन बिहानको निम्ति तपाईलाई धन्यवाद ।" _____

ई) "महान सृष्टिकर्ता परमेश्वरको जय,...!" _____

उ) "महान छ विश्वासयोग्यता तपाईको" _____

उत्तरहरु:

अ) आराधना ।
आ) गवाही ।
इ) धन्यवाद ।
ई) परमेश्वरको कामको निम्ति प्रशंसा ।
उ) आराधना (परमेश्वर स्वयंमा केन्द्रित) ।

# कसरी गीतहरुले मण्डलीलाई आर ाधनाको निम्ति अगुवाइ गर्दछ ।

पुरानो करारमा इस्राएलीहरु चाढका दिनहरुको निम्ति यरुशलेम जाने गर्थे । शहर पुग्दै गर्दा, उनीहरुले "आर ोहणका गीतहरु" गाउँदथे । (भजन १२०-१३४)

यी आरोहणका गीतहरु मानिसहरुको खाँचोबाट प्रारम्भ हुन्छ– *"मेरो सङ्कष्टमा म परमप्रभुलाई पुकार्दछु"* (भजन १२०:१) अनि परमप्रभुको भवनमा अन्त हुन्छ, जहाँ मानिसहरुले परमप्रभुको प्रशंसा गर्दछन् (भजन १३४:२)। मानिसको खाँचोदेखि लिएर परमेश्वरको उपस्थितिसम्म एक ठूलो दूरी तय गर्नुपर्दछ । शायद, यसैकारण उनीहरुले पन्द्रवटा भजनहरु गाउँथे ।

गायनले हामीलाई जीवनको हरेक दबावहरुबाट उठाएर पर मेश्वरको उपस्थितिमा लैजान्छ । तर साँचो आराधनामा पर मेश्वरको प्रशंसा गर्नु हो भने, हामीले उद्देश्यलाई मध्यनजरमा राखेर गीतलाई अगुवाइ गर्नुपर्दछ । नत्रभने, गायन चाहिँ भावनात्मक मात्र भएर जानेछ, जसले परमेश्वरलाई सत्यता र आत्मामा पुज्नुपर्ने कुरामा कुनै ठोस योगदान पुऱ्याउन सक्तैन ।

प्रायः सबै व्यक्तिले गायनलाई अगुवाइ गर्न सक्छ, तर आर ाधकहरुलाई अगुवाइ गर्न कुनै विशेष व्यक्तिको खाँचो पर्दछ । यदि उसले अरुहरुलाई साँचो आराधनामा डोऱ्याउनु हो भने, ऊ स्वयं पनि एक सच्चा आराधक हुनुपर्दछ । कहाँ शुरु गर्नु पर्ने हो, उनीहरु कहाँ गइरहेका छन्, कुन कदमहरु चाल्नु पर्ने हो, अनि उनीहरु साँचो आराधनामा कहिले पुगे, उसले जान्नैपर्दछ ।

## कहाँ शुरु गर्नु पर्ने हो ?

मानिसहरुलाई अगुवाइ गर्न, उनीहरु जस्तो भावना लिएर बसेका छन् त्यहींबाट शुरु गर्नुपर्छ अनि उनीहरुको वास्तविकताप्रति सचेत बन्नुपर्दछ । धेरै पटक, विश्वासीहरु सेवामा उनीहरुको व्यक्तिगत खाँचोहरुको निम्ति चिन्तित भएर, अनि कमजोर विश्वास लिएर आएका हुन्छन् ।

एकदमै प्रेमिलो भएर, गायन अगुवाले तिनीहरुको आँखाहरु पर मप्रभुतिर फर्काउने अनि सबैभन्दा सामर्थ्यवान परमेश्वरको आराधना गर्न प्रोत्साहन गराउने काम गर्नुपर्दछ ।

यसलाई कसरी गर्नुपर्ने हो त्यसको नमूना हामी भजन १०० मा पाउँछौं । यो भजन मोशाले बनाएको पवित्रस्थानमा प्रयोग हुन्थ्यो । पवित्रस्थानका विभिन्न भागहरुको बारेमा बुझ्नसक्यौं भने, आराधनाको प्रगतिलाई छर्लङ्गसंग देख्न हामीलाई सजिलो पर्थ्यो ।

# साक्षी (गवाही)

(छाउनीमा भएको पवित्रस्थानको बाहिर)

भजन १००:१-३ ले हामीलाई भन्दछ: "परमप्रभुको जयजयकार मनाओ... हर्षका गीत गाउँदै उहाँको सामुन्ने आओ । पर मप्रभु नै परमेश्वर हुनुहुनछ । उहाँले नै हामीलाई बनाउनुभयो, र हामी उहाँकै हौं । हामी उहाँका प्रजा र उहाँका खर्कका भेडाहरु हौं ।"

गवाहीका गीतहरुले ख्रीष्टमा पाएको उद्धारद्वारा परमेश्वरको अघि उनीहरुको अवस्था कति राम्रो भएको छ, त्यसप्रति केन्द्रित हुने अवसर दिन्छन् । खास सेवा शुरु हुनुभन्दा अघि नै गाइने यी गीतहरुद्वारा विश्वासीहरुले परमेश्वरतर्फ

नजिकिने मौका पाउँछन् । कति गायन अगुवाहरुले मानिसहरुको ध्यान सर्वशक्तिमानतर्फ भ्वाट्ट खिँच्न एकैचोटि आराधनाको गीतबाट शुरु गर्न मन पराउँछन् । यी सबै मानिसहरुको परिपक्वतामा, अथवा तपाईको मण्डलीले के गर्ने गरेको छ, अथवा तपाईले प्रार्थनासहित गर्नुभएको निर्णयमा भर पर्दछ ।

उदाहरणको लागि, हामीले "म हुँ...." अथवा "मसंग छ...." जस्ता शब्दहरु भएको गीतहरु प्रयोग गर्नसक्छौं । यी गीतहरुबाट हामीले मानिसहरुको मन बढो नम्र भावमा उनीहरुको समस्याहरुबाट तर्काएर सर्वशक्तिमान परमेश्वरमा केन्द्रित गर्नसक्छौं । अर्को कदम हुन्छ धन्यवादको ।

## धन्यवादी बन्नु

(चोकभित्र प्रवेश गर्नु)

भजन लेखकले हामीलाई भन्दछः *"धन्यवादी भई उहाँको मूलढोकाभित्र पस"* (भजन १००:४)। जब हामीले धन्यवादीको गीत गाइरहेका हुन्छौं, हामी सांसारिकता र पवित्रता छुटचाउने ढोकाबाट प्रवेश गरिरहेका हुन्छौं ।

चोकको मूलढोकाबाट पस्दा, त्यो पस्ने व्यक्ति आइपुग्ने प्रथम स्थान हो बलिदानको बेदी । यसको अर्कोपट्टि चाहिँ धुनलाई काँसाको बाटा राखिएको थियो । यिनीहरुले दिएको अर्थ यही हो कि हामी क्रूसमा भएको येशू ख्रीष्टको सिद्ध बलिदानबाट भएर हाम्रा पापहरु धोइने सिलसिलामा प्रवेश गर्नेछौं ।

सेवाको बेला येशू ख्रीष्टले हामीलाई दिनुहुने क्षमादानको निम्ति परमेश्वरको प्रशंसा गर्ने यो अति राम्रो समय हो ।

*"ख्रीष्टको रगतले त झन कति बढी गरी तिमीहरुका विवेकलाई मरेका कामहरुबाट शुद्ध पार्नेछ, ताकि तिमीहरु जीवित परमेश्वरको सेवा गर्न सक । किनकि उहाँले अनन्त आत्माद्वारा आफैलाई निष्खोट बलिको रुपमा परमेश्वरलाई अर्पण गर्नुभयो !"* (हिब्रू ९:१४)

# पवित्रस्थान




# प्रशंसा

(पवित्र स्थानमा)

धन्यवादको भजन गाए पछि, प्रशंसातर्फ बढ्नु सजिलो पर्दछ । हामीले विगत दिनमा पाएका आशिषहरुको निम्ति धन्यवाद चढाए पछि, हामी परमेश्वरका महान कामहरुको निम्ति प्रशंसातर्फ अघि बढ्दछौं ।

एउटा कदमबाट अर्को कदमतर्फ बढ्दा गायन अगुवाले धेरै शब्दहरु प्रयोग गरिरहनु पर्दैन । सेवा चलाइरहेको बेला (परमेश्वरको पवित्र उपस्थितिमा भएको बेला), यस्तो कदम चाल्दा, हाम्रा गीतहरुको बहाउमा बाधा नआएको होस् भनी

हामी बढो होशियारी हुनुपर्छ । कुनै प्रकारका सूचनाहरु नदिइयोस् अथवा खाँचोहरुको निम्ति प्रार्थना नगरियोस् । यस प्रकारको प्रार्थना र सूचनाको निम्ति अर्को समय छुटचाइएको हुन्छ ।

# आराधना

(अति पवित्र स्थानमा)

जसै हामी परमेश्वरको उपस्थितिमा प्रवेश गर्दछौं, भजनहरुले उहाँको महिमा र महानता झल्काउनु पर्दछ । "उहाँका नाउँलाई धन्यको भन" (भजन १००:४) भनीकन भजन लेखकले भनेका छन् । जब हामी खुल्ला भएर आराधना गर्दछौं, हामीले शब्दहरु चलाएर भन्दा पनि परमेश्वरलाई आत्मामा पुज्न थाल्नेछौं ।

यस्तो बेला, कति अगुवाहरुले धन्यवादका भावनात्मक कोर सहरु गाएर मानिसहरुलाई झट्ट बाहिरी चोकतिर हुत्याउने भूल गर्दछन् । आराधनाले समय लिन्छ, मानिसहरुलाई हतार नगराउनोस् । चलाकी कुराहरु भन्नु असुहाउँदिलो हुन्छ । कुनै प्रकारका निर्देशनहरु दिनु पनि ठीक ठहर्दैन ।

मानिसहरुले उपाषना गरुन् । चुपचाप अवस्थामा अगुवाले अप्ठचारो महसुस गर्ला, तर आराधकहरुको निम्ति सुनौलो अवसर हो ।

जब धेरै जसोले आराधना गरिसकेको थाहा गर्नुहुन्छ, वचन प्रचारको विषयसंग मिल्दोजुल्दो अथवा तयार गरिएको अरु सेवकाइ सम्बन्धी छानिएको गीत गाउनु राम्रो हुन्छ ।

गीत गाइसक्नुको अर्थ समाप्ति हुँदै होइन । परमेश्वरको आर ाधना गर्न हाम्रा आत्मालाई स्वतन्त्र पार्नको निम्ति पवित्र आत्माले गीतलाई चलाउनु हुन्छ। गायनले विश्वासीहरुलाई स्वाभाविकबाट आत्मिकीतर्फ लैजान्छ । यसले तिनीहरुलाई उनीहरुको आफ्नै खाँचोहरु व्यक्त गर्ने अवस्थादेखि आत्मामा आराधना गर्ने मोडसम्म पुऱ्याउँछ । गायनमा अगुवाइ गर्नु भनेको गीत गाउनु मात्र होइन, तर आराधकहरुलाई अगुवाइ गर्नु हो ।

# गायन निर्देशकज्यूले के गर्नुपर्छ भने

## सेवा शुरु हुनुभन्दा अघि

- सेवाको निम्ति प्रार्थना गर्नोस् । याद राख्नोस्, आराधना सेवा परमेश्वरलाई पुज्नु हो, मण्डलीलाई मनोरञ्जन दिलाउनु होइन । हाम्रा प्रशंसाहरुद्वारा परमेश्वरलाई खुशी पार्नु अनि विश्वासीहरुलाई निर्माण गर्नु हो ।

- के अनुसार गीत छान्नुहुन्छः

  - सेवामा आउने मानिसहरुको इच्छाअनुसार,
  - सेवाको क्रमअनुसार,
  - सेवाको उद्देश्यअनुसार,
  - प्रवचनको विषयअनुसार ।

  उदाहरणको लागिः कुनै पनि भजन पाप स्वीकार, प्रशंसा, धन्यवाद, केको निम्ति छान्नुहुन्छ ?

- विश्वासीहरुको निम्ति बोलिएको प्रवचन सकिए पश्चात, प्रोत्साहनको एक गीत गाउनोस् । यसद्वारा तिनीहरुलाई विभिन्न कर्त्तव्यहरु पूरा गर्न बोलाहट भएको हुन्छ, जस्तै:
  - "येशू मसीहको लागि खडा हुनुछ" अथवा
  - "काम गर चाँडै रात परिरहेछ ।"

- हरेक गीतको धुन थाहा गरेर लेखिराख्नोस् ।

- क-कसले एकल, युगल, त्रिगल गाउँछन्, अनि बाजाहरु बजाउँछन्, अघिबाटै पत्ता लगाइराख्नोस्, ताकि उनीहरुले अभ्यास गर्नसक्छन् । प्रायः जसो मण्डलीहरुमा, उनीहरुले कति बेला शुरु गर्नु पर्ने हो, अघिबाटै जान्दछन् । अगुवाले उद्घोषणा गरिरहनु पर्दैन । यसले मानिसहरुको ध्यानलाई टाढो लैजाने लामो रुकावटलाई हटाउँछ । हरेक कुरालाई उद्घोषणा गरिरहनु पऱ्यो भने तयारीको कमी रहेछ भन्ने बुझिन्छ ।

- सेवाको बेला चिरिच्याँट्ट देखिने गरी पहिरण लाउनुहोस् । गायन अगुवाको बाहिरी रुपमा सठीक परिवर्तन आउनु राम्रो हुनेछ ।

कुन कुन क्षेत्रमा परिवर्तन चाहिन्छ होला ? (तलका चित्रणसंग उसलाई तुलना गर्नोस् ।)



_____

_____

_____

_____

उत्तरः गायन अगुवाले केश कोरेको हुनुपर्छ, उनी हँसिलो हुनुपर्छ, उसका हातहरु धोएको, सफा कमेज लाएको, पेन्टहरु धोएको, पेन्टहरु सिलाइ भएको, इस्त्री लाएको, जुत्तामा पलिश लाएको, शेभ गरेको, अनि उसको हात गोजीबाट बाहिर निकालेको हुनुपर्छ ।

## सेवामा

- सेवा शुरु हुनुभन्दा धेरै अघि आउनु पर्छ ।

- सबै ठीक छ भनी निश्चिन्त बन्नुपर्छ ।

  - पहिलेबाटै बाजागाजाहरुको सुर मिलाउनु पर्छ ।
  - गीतहरुको सूची ठीकसंग बुझेको हुनुपर्छ, इत्यादि ।
  - सबै गीतहरुका शब्दहरु जानिएको अथवा सिक्नको लागि लेखिएको हुन्छ ।

- सेवाको क्रमअनुसार गीतहरुको उद्घोषणा राम्ररी अनि सफासंग गरिदिएको हुन्छ ।

- गाउनुभन्दा अघि नै सबैलाई नोटहरु दिने, अनि हर कलाई सुरमा ताल मिलाएर गाउन सहयोग गर्ने । यसको निम्ति, हरेकले:

  - त्यही सुर मिलाइराख्न अगुवालाई हेर्नु पर्दछ ।
  - शब्दहरु स्पष्ट अनि सठीक ढंगमा उच्चारण गर्नुपर्छ ।
  - उच्च नोटहरु गाउन चिच्याउने होइन तर आवाजलाई नियन्त्रण गरेर गाउनुपर्छ ।
  - भजनको किसिम अनुसारको सुहाउँदिलो गतिमा गाउनुपर्छ । (उदाहरणको लागि: आनन्द र प्रोत्साहनका गीतहरु छिटो छिटो गरी गाइन्छ । मननका भजनहरु विस्तारै गाइन्छ ।)

- उनीहरुले गीत गाउँदै गर्दा गीतका शब्दहरुलाई बिचार गर्नको लागि उत्साहित गर्नोस्, जसद्वारा उनीहरुले उनीहरुको मनमा परमेश्वरको उपाषना गर्न सक्नेछन् ।

- सेवाको बेला पवित्र आत्माको अगुवाइप्रति सचेत बन्नुहोस् । पवित्र आत्माले केही थप्न वा बदल्न सक्नुहुन्छ ।

# सारांश जाँच

१. भजन संग्रहबाट तल उद्धृत गरिएका पदहरु गवाही, पाप स्वीकार, प्रशंसा, समर्पण अथवा आराधनाको निम्ति हुन् । हरेकको मुन्तिर, उक्त पद यीमध्ये केको निम्ति हो लेख्नोस् ।

भजन ४८:१ *"परमप्रभु महान र प्रशंसाको अति योग्य हुनुहुन्छ ।"*

---

भजन ५१:२ *"मेरो सबै अधर्मबाट मलाई पूर्ण रुपमा धोइदिनुहोस् र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस् ।"*

---

भजन १८:१ *"हे परमप्रभु, मेरो शक्ति, म तपाईलाई प्रेम गर्दछु ।"*

---

भजन ३४:४ *"मैले परमप्रभुलाई खोजें, र उहाँले मलाई जवाफ दिनुभयो, मलाई मेरा सबै डरहरुबाट छुटकारा दिनुभयो ।"*

---

भजन १९:१ *"आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ । र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ ।"*

---

भजन ६३:१ *"हे परमेश्वर, तपाई मेरा परमेश्वर हुनुहुन्छ, म तपाईलाई दिलोज्यानले खोज्छु ।"*

---

२. तल दिइएको हरेक भजनले केलाई संकेत गर्छ, चिन्नोस्:

"पवित्र, पवित्र, पवित्र"

☐ आराधना ।

☐ निवेदन ।

“मेरो खाँचोमा मैले येशूलाई पाएँ”

☐ आराधना ।

☐ गवाही ।

“हे येशू, अन्तैसम्म मैले तपाईको सेवा गर्ने प्रतिज्ञा गरेको छु ।”

☐ निवेदन ।

☐ समर्पण ।

“मेरा आँखाहरु उघार्नुहोस् ।”

☐ निवेदन ।

☐ स्वागत ।

“खीष्टका सेनाहरु हो, उठ !”

☐ साक्षी ।

☐ प्रोत्साहन ।

३. गायन अगुवाहरुले विभिन्न उपायहरु लगाएर परमेश्वरका जनहरुलाई साँचो आत्मिकी उपाषनामा डोऱ्याउँछन् । तपाईमा अरुकोमा भन्दा भिन्दै तरिका हुनसक्छ । विभिन्न अवसरहरु अनि किसिमका मानिसहरु अनुसार तपाईको तरिका पनि परिवर्तन हुनसक्छ । अति पवित्र अनि सर्वशक्तिमान परमेश्वरसंग भेट्नको लागि तपाईले कुन अर्थपूर्ण तरिका अप्नाएर आफ्नो प्रकारको मण्डलीमा मानिसहरुलाई चाहनुहुन्छ सो योजना तल भनिएको उचित ठाउँमा लेख्नोस् ।

_____

४. येशूको दास्रो आगमनको प्रवचन प्रचार गर्दा कुन चाहिँ भजन अति सुहाउँदिलो हुन्छ ?

☐ "शान्तमय रात, शान्तमय रात"

☐ "येशू आउनु हुँदैछ, आनन्दको गीत गाऊ"

५. कुन गीतहरु कुन धुनमा छ भनी कहिले पत्ता लाउनु ?

_____

६. तलका उद्देश्यहरु पूरा गर्ने गरी भजनहरुबाट पदहरु अथवा गीतका उदाहरणहरु लेख्नोस्:

गवाही:

---

समर्पण:

---

प्रशंसा:

---

स्वीकार:

---

# अभ्यासको काम

- मण्डलीका संगीतकारहरुलाई आराधनामा संगीतले खेल्ने भूमिकाबारे सिकाउनोस् । तपाईले भजन १०० अथवा यस अध्ययनमा प्रयोग गरिएका अरु खण्डहरु प्रयोग गर्नसक्नुहुन्छ ।

- संगीतकारहरुलाई सेवाहरुको निम्ति जिम्मेवारी दिनोस् ।

- आराधना सेवा अगुवाइ गर्नेहरुलाई कसरी भजनहरु छान्ने अनि अगुवाइ गर्ने निर्देशन दिनोस् ।

- कसरी अझ राम्ररी गाउन सकिन्छ मण्डलीलाई सिकाउनोस् ।

- एफिसी ५:१९ कन्ठ भन्नोस् ।

- तपाईका आफ्नै शब्दहरु प्रयोग गरेर आराधनाको निम्ति एक भजन तयार पार्नोस् ।

# टिप्पणीहरु

# टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

# Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

031NP01A-01